# भोटेकोशी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
फुल्पिङकट्टी, सिन्धुपाल्चोक

बागमती प्रदेश ,नेपाल


पत्र संख्या: २०८२/०८३

चलानी नं:

**कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/२२**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट मिति २०८२/०६/२३ को पत्र र स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम राष्ट्रिय महिला सशक्तिकरण परियोजना अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्नका लागि ईच्छुक संस्थाहरुले निम्न लिखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नु हुन सूचना प्रकाशित गरिएको छ।

**१. प्रस्ताव पेश गर्ने संस्थाको योग्यताः**

क) प्रचलित कानून बमोजिम दर्ता र नविकरण भएको,

ख) प्रत्येक वर्ष लेखापरिक्षण सम्पन्न गरी सोको प्रतिवेदन तयार भएको,

ग) प्रचलित कानून बमोजिम अयोग्य नरहेको,

घ) कार्यक्रम संचालनको प्रस्ताव आवहानको सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम संस्था दर्ता भई कार्य संचालन गरिरहेकोले मात्र प्रस्ताव पेश गर्न सक्नेछन्।

ङ) संस्थाले लक्षित महिलाहरुलाई सीप तथा व्यवसायिक विकास तालिम प्रदान गरी व्यक्तिगत वा सामूहिक रुपमा आयआर्जन हुने व्यवसाय संचालन गर्ने गरी प्रस्ताव पेश गर्नुपर्नेछ।

च) संस्था/स्थानीय तहले व्यवसायिक प्रकृति हेरी दफा १२ मा उल्लेख भए बमोजिमका पच्चीस जना लक्षित महिलालाई सहभागी गराई कम्तीमा पाँच दिने तालिम प्रदान गर्ने गरी व्यवसायिक योजना पेश गर्नुपर्नेछ। संचालन गरिने तालिम अवधि बढाउन सकिनेछ।

छ) उप दफा (४) बमोजिम थप हुने अवधिका लागि श्रोत खुलाई सोको सुनिश्चितताको यथार्थ विवरण दोहोरो नपर्ने गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ।

ज) संस्था/स्थानीय तहले तालिम कार्यक्रमको कार्यतालिकामा सीप तथा व्यवसायिक विकासका सत्रहरु अनिवार्य रुपमा समावेश गरी तालिमको अवधि विषय विधि र अन्य सत्रहरु समेत खुलाई पेश गर्नु पर्नेछ।

**२. प्रस्तावमा राख्नुपर्ने कागतजातहरुः**

(१) प्रकाशित सूचनामा तोकिएको अवधि भित्र संस्थाद्वारा कार्यक्रमको अवधारणा पत्र र व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा देहायको विवरण खुलाई कागजात समेत संलग्न हुनुपर्दछः

(क) संस्थाको विधान वा उध्देश्य, परिचय, कार्यसंचालन प्रक्रिया, भौतिक तथा वित्तीय श्रोत सम्बन्धी विवरण,

(ख) प्रस्तावित व्यवसायको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र श्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,

(ग) प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(घ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि तथा लेखापरिक्षण प्रतिवेदन,

(ङ) प्रस्तावित कार्यक्रममा संस्थाद्वारा गरिने योगदानको अशं, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग र साझेदारीको श्रोत सहितको यथार्थ विवरण,

(च) कालोसूचीमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्वःघोषणा पत्र,

(छ) संस्थाले तालिममा सहभागी भएका लक्षित महिलाका लागि अनूसूची-५ बमोजिमको ढाँचामा कृषि, पशुपालन तथा उत्पादनमुलक क्षेत्र, पर्यटन, तथा आतिथ्यता क्षेत्र र गैह कृषि क्षेत्र मध्ये एउटा क्षेत्र छनौट गरी व्यवसायिक योजना पेश गर्नु पर्नेछ।

(ज) व्यवासायिक योजना पेश गर्दा तालिम प्रदायक संस्था/स्थानीय तहले दफा१२ मा उल्लेख भएका लक्षित समुदायका महिलाको आयआर्जन, जीविकोपार्जन सुधार तथा आर्थिक सशक्तिकरण हुने कार्यान्वयन कार्ययोजना समेत संलग्न गरी प्रस्ताव पेश गर्नु पर्नेछ।

**३. संस्थाले पेश गर्ने प्रस्तावको ढाँचा**

स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम हुनुपर्नेछ।

दीपक सापकोटा

प्रमुख प्रशासकीय अधिकृत